नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
रसुवा
बागमती प्रदेश

फोन नं. ०१०-५४०१३१/१३३
०१०-५४०१३२(प्र.जि.अ.)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google Map: 476W+J6F

प.सं.: २०८३/८४
च.नं.: ६८३

## उच्च सतर्कताका लागि अनुरोध ।

सूचना नं. १३,
प्रकाशन मितिः २०८३।०७।१० गते।

नेपाल मौसम विज्ञान विभागबाट मिति २०८३।०७।०९ गते जारी पोष्ट मनसुन सम्बन्धी विशेष बुलेटिन अनुसार बंगालको खाडीमा रहेको “अर्नब” चक्रवात थप शक्तिशाली बन्दै गरेको र यो अति शक्तिशाली हुने सम्भावना रहेको भनी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबारबाट सूचना जारी भएको हुँदा उक्त शक्तिशाली चक्रवात आगामी कार्तिक ११ मा भारतको जमिनी भू-भागमा प्रवेश गर्ने सम्भावना रहेको र हालसम्म मौसम विश्लेषण अनुसार उक्त प्रणालीको प्रभाव कार्तिक १२ गते विहीबार रातीबाट शुरू हुने देखिन्छ। विशेष गरी कार्तिक १३ गते शुक्रबार र कार्तिक १४ गते शनिबार बागमती प्रदेशका धेरै स्थानमा चटयाङ, हावाहुरी सहित मध्यमसम्मको र थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेकोले उक्त अवधिभर अत्यावश्यक नपरी यात्रा नगरी सुरक्षित स्थानमा बस्नु हुन वा आधिकारिक निकायबाट सूचना लिएर मात्र यात्रा गर्नुहुन समेत अनुरोध छ। साथै, मिति २०८३।०५।१० गते नेपाल-चिन सीमा नाका भई बग्ने ल्हेन्दे खोला हुदै भोटेकोशी नदीमा आएको बाढीका कारण जिल्लामा ठुलो जनधनको क्षति भई नदी तटीय क्षेत्रमा जोखिम कायमै रहेको हुँदा उक्त क्षेत्रका बस्ती, सरकारी तथा सार्वजनिक निकायहरूले विशेष सतर्कता अपनाउनु हुन समेत अनुरोध छ।

- मौसम सम्बन्धी जानकारीका लागि ११५५,
- विपद् सम्बन्धी जानकारीका लागि १२३४,
- जिल्ला प्रहरी कार्यालय, रसुवाको टोल फ्रि नम्बर १०० मा सम्पर्क गर्नुहुन।

मितिः २०८३।०७।१०, ने.सं.११४६,

(कमल प्रसाद पाण्डे)
प्रमुख जिल्ला अधिकारी